# युवा तथा खेलकुद मन्त्रालयको स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०७८।०९।१९

चालु आ.व. २०७८/०७९ का लागि स्वीकृत युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्को बजेट उपशीर्षक नं. ३४३४१०११ मा भएको बजेट व्यवस्था तथा स्थानीय तहमा खेलकुद पूर्वाधार सम्वन्धी कार्यविधि (संसोधन सहित)मा व्यवस्था भए बमोजिमका खेल पूर्वाधार निर्माण गर्नका लागि इच्छुक स्थानीय तहहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतीस) दिन भित्र कार्यविधिको अनुसूचि १ बमोजिमको ढाँचामा उल्लेखित कागजातहरु संलग्न गरी यस मन्त्रालयको खेलकुद पूर्वाधार विकास शाखा वा इमेल info@moys.gov.np मा आवेदन पठाउनु हुन सम्बन्धित सबै स्थानीय तहहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै संसोधित कार्यविधि अनुरुप आगामी आ.ब. २०७९/०८० मा प्रस्तावित खेल पूर्वाधार निर्माण गर्न इच्छुक स्थानीय तहहरुले सोही ढाँचामा उल्लिखित कागजातहरु संलग्न राखी छुट्टै आवेदन दिनु पर्ने छ । विगत वर्षमा अनुदान प्राप्त गरी खेल पूर्वाधार निर्माण गरिरहेका स्थानीय तहहरुले हाल सम्मको प्रगति विवरण अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । रित नपुगी तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।यस सम्वन्धी विस्तृत जानकारीका लागि खेलकुद पूर्वाधार विकास शाखाको फोन नं. 01-4200550/4200544 मा सम्पर्क गर्न सकिने छ । निवेदनको ढाँचा र कार्यविधि मन्त्रालयको वेभसाइट www.moys.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।